विधेयक संख्या: ......४......

# प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

## उद्देश्य र कारण

नेपालको संविधानको धारा ५७ को उपधारा (३) मा संघ र प्रदेशको साझा अधिकारको प्रयोग संविधान, संघीय कानून र प्रदेश कानुन बमोजिम हुने उल्लेख छ। नेपालको संविधानको अनुसूची ७ (संघ र प्रदेशको साझा अधिकारको सूची) को क्र.सं. १६ मा क्यासिनो चिठ्ठा सम्बन्धी विषय रहेको र सो सम्बन्धमा संघीय कानून चिठ्ठा ऐन, २०२५ भए तापनि सो ऐन नेपालको संविधान र संघीय संरचना अनुकूल नरहेको र चिठ्ठा सम्बन्धी विषयमा संवैधानिक प्रावधान बमोजिम हालसम्म प्रदेशमा चिठ्ठा सम्बन्धी विषयलाई सम्बोधन गर्ने कानून छैन। प्रस्तुत सन्दर्भमा संघ र प्रदेशको साझा अधिकारको सूची अन्तर्गत रहेको चिठ्ठा सम्बन्धी कार्यलाई व्यवस्थापन तथा नियमन गर्न वाञ्छनीय भएकोले प्रदेश चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्थापन गर्न कानून बनाउन आवश्यक भएको छ। तोकिएको शर्त विपरित चिठ्ठा खोल्न वा बिक्री वितरणका लागि स्वीकृति लिनुपर्ने, त्यसरी वितरण वा सञ्चालन गर्दा शर्तहरु पालना गर्नुपर्ने, चिठ्ठा प्राप्त गर्ने व्यक्तिलाई प्रदान गर्ने पुरस्कार र चिठ्ठा बिक्री वापत उठाइएको रकमको उपयोग तथा खर्च तथा त्यसरी उठेको रकमबाट कल्याणकारी कार्यमा उपयोग गर्नका लागि चिठ्ठा कल्याण कोष सम्बन्धी व्यवस्थासहित प्रदेशमा चिठ्ठा सञ्चालन सम्बन्धी कार्यलाई व्यवस्थित गरी नियमन गर्न एवं त्यस्तो कार्यबाट उठेको रकम कल्याणकारी कार्यमा खर्च गर्ने विषयलाई समेटी कानूनी व्यवस्था गर्न प्रस्तुत विधेयक पेश गरेको छु ।

मन्त्री

(गंगानारायण श्रेष्ठ)
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मन्त्री

# आर्थिक टिप्पणी

प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने व्यवस्था सम्बन्धी कानूनले प्रदेशभित्रका जनताको सदाचार तथा आर्थिक हित कायम राख्न तथा चिठ्ठाको बिक्री वितरण र सञ्चालन गर्ने कार्यलाई व्यवस्थापन तथा नियन्त्रण गर्न योगदान पुग्दछ ।

प्रस्तुत विधेयकमा चिठ्ठाको व्यवस्थापन तथा नियमनको प्रयोजनार्थ अनुगमन गर्ने र चिठ्ठा खोल्ने समयमा मन्त्रालयको अधिकृत प्रतिनिधि खटाउने विषयमा बाहेक प्रत्यक्ष आर्थिक व्ययभार पर्ने अन्य विषय रहेको छैन ।

मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मन्त्री

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा रहेको प्रत्यायोजित वेयवस्थापन सम्बन्धी टिप्पणी देहाय बमोजिम पेश गरिएको छ :-

| क.सं. | दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाइने कानूनको प्रकृति र सीमा | प्रत्यायोजित व्यवस्थापनबाट पर्न सक्ने प्रभाव |
|---|---|---|---|---|
| १. | दफा ४ को उपदफा (१) | चिठ्ठा खोल्नको लागि अनुमति पत्र प्राप्त गर्ने प्रयोजनार्थ मन्त्रालयमा निवेदन दिंदा लिने दस्तुर तोक्नको लागि । | मन्त्रालयले निवेदन दिंदा लाग्ने दस्तुर समय समयमा तोक्न सक्ने । | चिठ्ठा खोल्ने व्यक्तिले स्वीकृतिको लागि मन्त्रालयमा बुझाउने निवेदन साथ बुझाउने दस्तुर निर्धारण गर्ने व्यवस्था गर्दा चिठ्ठा सञ्चालनमा नियमितितता हुने र सरकारलाई राजश्व समेत प्राप्त हुने। |
| २. | दफा ८ को उपदफा (५) | चिठ्ठा कल्याण कोषको सञ्चालन सम्बन्धी व्यवस्था कार्यविधि बमोजिम निर्धारणका लागि । | प्रदेश सरकारले बनाएको कार्यविधिमा व्यवस्था गर्न सक्ने । | चिठ्ठा कल्याण कोषमा जम्मा हुने रकम तथा ऐन बमोजिम कोषबाट खर्च गर्ने कार्यविधिगत प्रक्रियालाई पारिभाषित गर्दा थप स्पष्टता र कार्यविधिगत सरलता हासिल हुने। |
| ३. | दफा १६ | मन्त्रालयले चिठ्ठा खोल्न चाहने व्यक्तिलाई अनुमतिपत्र दिने | प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन | मन्त्रालयबाट चिठ्ठा खोल्न दिइने अनुमतिपत्र |

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | अधिकारलाई अन्य कुनै कार्यालय वा अधिकृतलाई प्रत्यायोजन गर्नका लागि । | गरी कार्यालय वा अधिकृतलाई अधिकार प्रत्यायोजन गर्न सक्ने । | सम्बन्धी कार्यलाई मन्त्रालयका अतिरिक्त अन्य कार्यालय तथा अधिकृत कर्मचारी मार्फत गर्दा गराउँदा छिटो र सरलरुपमा सञ्चालन गर्न सकिने। |
| ४. | दफा १७ | आवश्यक नियमहरू, कार्यविधि तथा निर्देशिका बनाउन। | नियमावली, कार्यविधि तथा निर्देशिकामा व्यवस्था गर्न सक्ने । | ऐनको उद्देश्य हासिल गर्न तथा मन्त्रालयबाट चिठ्ठा सम्बन्धी काम कारबाही नियमित र प्रभावकारी ढङ्गले सम्पादन गर्न सकिने। |

मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मन्त्री

## प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा नं. | दफा शीर्षक | दफाको व्याख्यात्मक टिप्पणी |
|---|---|---|
| १ | *संक्षिप्त नाम, विस्तार र प्रारम्भ* | ऐनको संक्षिप्त नाम, विस्तार र प्रारम्भ सम्बन्धी व्यवस्था गरिएको। |
| २ | *परिभाषा* | पटक पटक दोहोरिएका शब्दहरूलाई पारिभाषित गरिएको छ। |
| ३ | *चिठ्ठा खोल्ने वा बिक्री वितरण गर्न नहुने* | चिठ्ठा खोल्ने, छाप्ने, प्रकाशित गर्ने, बिक्री वितरण गर्ने वा वितरण वा विज्ञापनको लागि दिने, कुनै चिठ्ठा सम्बन्धी विज्ञापन छाप्ने, प्रकाशित वा बिक्री वितरण गर्ने वा सो कामको लागि आफूसाथ राख्ने, चिठ्ठा सम्बन्धी काम गर्नको लागि कुनै घर जग्गा प्रयोग गर्ने वा प्रयोग गर्न दिने, विद्युतीय वा छापा माध्यमबाट चिठ्ठा बिक्री गर्ने कार्यहरूलाई अनुमतिपत्र नलिई गर्न गराउनबाट निषेध गर्न व्यवस्था गरिएको । |
| ४ | *चिठ्ठा खोल्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्ने* | चिठ्ठा खोल्न चाहने व्यक्तिले स्वीकृतिको लागि मन्त्रालयमा निवेदन दिने, जाँचबुझ पछि अनुमतिपत्र प्रदान गर्ने, स्थानीय तहले चिठ्ठा खोल्ने अनुमति दिने क्षेत्रहरू निर्धारण गर्ने, अनुमतिपत्र प्राप्त व्यक्तिले चिठ्ठा सञ्चालन सम्बन्धमा गर्न सक्ने कार्यलाई व्यवस्थित गरिएको । |
| ५ | *चिठ्ठा बिक्री वितरण र सञ्चालन गर्दा पालना गर्नुपर्ने शर्त* | चिठ्ठा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिले चिठ्ठाको प्रतिमा उल्लेख गर्नुपर्ने विषयहरू निर्धारण गरिएको तथा सम्बन्धित अन्य शर्तहरू समेत तोकिएको । |
| ६ | *पुरस्कार वितरण तथा रकम खर्च सम्बन्धी व्यवस्था* | चिठ्ठा पुरस्कार के कस्तो र कति हुने, पुरस्कार विजेताले एवम् चिठ्ठा सञ्चालनबाट सञ्चालकले आर्जन गरेको मुनाफा वापत तिर्नुपर्ने आयकर, चिठ्ठा कल्याण कोषमा बुझाउनुपर्ने रकम लगायतका पुरस्कार र अन्य खर्च सम्बन्धी व्यवस्था गरिएको । |
| ७ | *पुरस्कार हेरफेर गर्न सक्ने* | चिठ्ठा वापत पूर्वघोषित पुरस्कार हेरफेर के कस्तो अवस्थामा गर्न सकिने हो र सो गर्दा पुरा गर्नुपर्ने प्रक्रियाको सम्बन्धमा व्यवस्था गरिएको । |
| ८ | *चिठ्ठा कल्याण कोष* | चिठ्ठा विक्री तथा खेलाएबापत प्राप्त रकम कल्याणकारी कार्यमा खर्च गर्नको लागि चिठ्ठा कल्याण कोषको व्यवस्था गरिएको तथा यसमा जम्मा हुने रकम तथा कोष सञ्चालन सम्बन्धी व्यवस्था निर्धारण गरिएको । |
| ९ | *मिति वा स्थान परिवर्तन गर्न* | चिठ्ठा खोल्ने सम्बन्धी पूर्व निर्धारित मिति वा स्थान परिवर्तन गर्दा |

मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल

मन्त्री

| | | |
|---|---|---|
| | पूर्व स्वीकृति लिनुपर्ने | पूर्व स्वीकृति लिनुपर्ने तथा सो सम्बन्धी प्रक्रिया निर्धारण गरिएको । |
| १० | अधिकृत खटाउने | चिठ्ठा खोल्ने व्यवस्था मिलाउन तथा सो सन्दर्भमा पारदर्शिता कायम राख्न मन्त्रालयबाट अधिकृत कर्मचारी खटाउन सकिने व्यवस्था गरिएको । |
| ११ | चिठ्ठाको नतिजा प्रकाशित गर्ने | चिठ्ठा पुरस्कार सम्बन्धी नतिजा प्रकाशन गर्ने प्रक्रिया निर्धारण गरिएको । |
| १२ | आवश्यक जाँचबुझ गर्ने अधिकार | कसैले ऐनको व्यवस्थाको बर्खिलाप काम कारबाही गरे गराएको अवस्थामा सो सम्बन्धमा आवश्यक जाँचबुझ तथा कारबाही गर्नका लागि जिम्मेवार अधिकारी तथा जाँचबुझ प्रक्रिया निर्धारण गरिएको । |
| १३ | जरिवाना गर्न सक्ने | ऐन बमोजिम मन्त्रालयले गर्न सक्ने प्रशासकीय दण्ड जरिवानाको तथा सो सम्बन्धमा पुनरावेदनको व्यवस्था गरिएको । |
| १४ | प्रतिवेदन पेश गर्नुपर्ने | चिठ्ठा सञ्चालन गर्ने व्यक्तिले चिठ्ठा सञ्चालन पश्चात सो सम्बन्धमा सम्पूर्ण विवरण उल्लेख गरी निर्धारित समयावधिभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको । |
| १५ | अनुगमन गर्न सक्ने | मन्त्रालयले चिठ्ठा सञ्चालन तथा व्यवस्थापनको सम्बन्धमा अनुगमन गर्न सक्ने व्यवस्था गरिएको । |
| १६ | अधिकार प्रत्यायोजन गर्न सक्ने | ऐनको दफा ४ बमोजिम अधिकार प्रत्योजन गर्न सक्ने व्यवस्था गरिएको । |
| १७ | नियम कार्यविधि तथा निर्देशिका बनाउन सक्ने | ऐन कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यकता अनुसार प्रत्यायोजित व्यवस्थापन अन्तर्गत प्रत्यायोजित विधायन बनाउन सक्ने व्यवस्था गरिएको । |

मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल
मन्त्री

## प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेशभित्रका जनताको सदाचार तथा आर्थिक हित कायम राख्न चिठ्ठाको बिक्री वितरण र सञ्चालन गर्ने कार्यलाई व्यवस्थापन तथा नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश चिठ्ठा ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन बागमती प्रदेशभर लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अनुमतिपत्र" भन्नाले दफा ४ को उपदफा (२) बमोजिम प्रदान गरिने अनुमतिपत्र सम्झनु पर्छ ।

(ख) "आयकर सम्बन्धी कानून" भन्नाले आयकर ऐन, २०५८ वा आयकर सम्बन्धी प्रचलित अन्य संघीय कानून सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ८ को उपदफा (१) बमोजिमको चिठ्ठा कल्याण कोष सम्झनु पर्छ ।

(घ) "चिठ्ठा" भन्नाले निश्चित किसिमको टिकट खरिद गर्ने प्राकृतिक व्यक्तिमध्येबाट अनियमित ढङ्गले (र्‍यान्डम्ली) बिजेता छनोट गरी त्यस्तो बिजेतालाई निर्धारित पुरस्कार वितरण गर्ने उद्देश्यले सञ्चालन गरिएको योजना (स्किम) सम्झनु पर्छ र सो शब्दले त्यस्तै अन्य जुनसुकै नामबाट सञ्चालन गरिएको योजना (स्किम)लाई समेत जनाउँछ ।

(ङ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ।

(छ) "व्यक्ति" भन्नाले कानूनी व्यक्ति सम्झनु पर्छ ।

३. **चिठ्ठा खोल्न वा बिक्री वितरण गर्न नहुनेः** दफा ४ बमोजिम अनुमतिपत्र नलिई कसैले देहायका कुनै काम गर्न वा गराउन हुँदैनः-

(क) कुनै चिठ्ठा खोल्ने, छाप्ने वा प्रकाशित गर्ने,

(ख) कुनै चिठ्ठा बिक्री वितरण गर्ने वा बिक्री वितरण वा विज्ञापनको लागि दिने,

मन्त्री

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
नेपाल

मन्त्री

(ग) कुनै चिठ्ठा सम्बन्धी विज्ञापन छाप्ने, प्रकाशित वा बिक्री वितरण गर्ने वा सो कामको लागि आफूसाथ राख्ने,

(घ) चिठ्ठा सम्बन्धी काम गर्नको लागि कुनै घर जग्गा प्रयोग गर्ने वा प्रयोग गर्न दिने,

(ङ) विद्युतीय वा छापा माध्यमबाट चिठ्ठा बिक्री गर्ने ।

४. <u>चिठ्ठा खोल्नु अघि मन्त्रालयको स्वीकृति लिनु पर्ने:</u> (१) यस ऐन बमोजिम चिठ्ठा खोल्न चाहने व्यक्तिले अनुसूची-१ मा उल्लिखित विवरण तथा मन्त्रालयले तोकको दस्तुर सहित सो बमोजिमको ढाँचामा मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा मन्त्रालयले सो उपर आवश्यक जाँचबुझ गरी त्यस्तो व्यक्तिलाई अनुसूची-२ बमोजिमको ढाँचामा अनुमतिपत्र दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक प्रदर्शनीस्थल, क्लब वा सोसाइटी जस्तो ठाउँमा मात्र खोलिने चिठ्ठाको हकमा सम्बन्धित स्थानीय तहले चिठ्ठा खोल्ने अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र प्राप्त व्यक्तिलाई यस ऐनको अधीनमा रही चिठ्ठा खोल्ने, छाप्ने, प्रकाशन गर्ने, बिक्री वितरण गर्ने, विज्ञापन गर्ने लगायत चिठ्ठा सञ्चालन सम्बन्धी अन्य आवश्यक कार्य गर्ने अधिकार हुनेछ ।

५. <u>चिठ्ठा बिक्री वितरण र सञ्चालन गर्दा पालना गर्नु पर्ने शर्त:</u> (१) अनुमतिपत्र प्राप्त गर्ने व्यक्तिले चिठ्ठाको बिक्री वितरण र सञ्चालन गर्दा सबै चिठ्ठाको प्रतिमा देहायका विषय उल्लेख गर्नु पर्नेछ:

(क) चिठ्ठाको मूल्य,
(ख) पुरस्कारको विवरण,
(ग) चिठ्ठाको क्रमसङ्ख्या,
(घ) चिठ्ठा खोल्ने र बन्द हुने मिति,
(ङ) चिठ्ठा खोलिने स्थान,
(च) चिठ्ठा बिक्री वितरण र सञ्चालन गर्ने व्यक्तिको नाम, र
(छ) मन्त्रालयबाट चिठ्ठा खोल्ने अनुमति प्राप्त भएको मिति ।

(२) उपदफा (१) बमोजिमका शर्तका अतिरिक्त अनुमति प्राप्त व्यक्तिले देहायका शर्त समेतको पालना गर्नु पर्नेछः-

(क) प्रत्येक चिठ्ठाको मूल्य बराबर हुनुपर्ने,
(ख) चिठ्ठाको पूरा मूल्य भुक्तान नभई बिक्री नगरिने,

बागमती प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
हेटौंडा, नेपाल
मन्त्री

(ग) एक पटक बिक्री भइसकेको चिठ्ठा फिर्ता नलिने ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सार्वजनिक प्रदर्शनी स्थल वा क्लब वा सोसाइटी जस्तो ठाउँमा चिठ्ठा खोल्न वा सञ्चालन गर्न अनुमति दिइएकोमा त्यस्तो ठाउँ बाहेक अन्यत्र चिठ्ठाको बिक्री वितरण र सञ्चालन गर्नु गराउनु हुँदैन ।

६. <u>पुरस्कार वितरण तथा रकम खर्च सम्बन्धी व्यवस्था</u>: (१) यस ऐन बमोजिम बिक्री गरिएको चिठ्ठामा बिजेता भएको व्यक्तिलाई सोही चिठ्ठामा उल्लेख भए बमोजिमको पुरस्कार प्रदान गर्नुपर्नेछ।

(२) चिठ्ठा खोल्दा चिठ्ठा बिक्री भई प्राप्त भएको कुल रकम मध्येबाट कम्तीमा पचास प्रतिशत मूल्य बराबरको नगदी वा जिन्सी पुरस्कार स्वरुप वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्ये पच्चीस प्रतिशत रकम कोषमा जम्मा गर्नुपर्नेछ।

(४) उपदफा (२) र (३) बमोजिमको प्रयोजनका लागि खर्च भई बाँकी हुन आएको रकम चिठ्ठा सञ्चालन गर्न अनुमति प्राप्त व्यक्तिले मुनाफा स्वरुप राख्न र चिठ्ठा सञ्चालन सम्बन्धी कामको लागि खर्च गर्न सक्नेछ।

(५) उपदफा (२) बमोजिम पुरस्कार वितरण गर्दा वा भुक्तानी गर्दा चिठ्ठा सञ्चालन गर्न अनुमति प्राप्त व्यक्तिले आकस्मिक लाभ वापत आयकर सम्बन्धी कानून बमोजिम प्रचलित दर अनुसारको कर कट्टी गर्नुपर्नेछ ।

(६) उपदफा (४) बमोजिम चिठ्ठा सञ्चालन गर्न अनुमति प्राप्त व्यक्तिले मुनाफा स्वरुप राखेको रकममा आयकर सम्बन्धी कानून बमोजिम प्रचलित दरमा आयकर लाग्ने छ ।

७. <u>पुरस्कारमा हेरफेर गर्न सक्ने</u>: (१) चिठ्ठा बन्द हुने मितिसम्ममा चिठ्ठामा तोकिएको कुल पूँजी बमोजिम सबै चिठ्ठा बिक्री हुन नसकेमा सम्बन्धित व्यक्तिले बिक्री भए जति चिठ्ठाको दामासाहीले पुरस्कारमा हेरफेर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पुरस्कारमा हेरफेर गर्नु परेमा त्यसरी हेरफेर गर्नु अघि त्यस्तो चिठ्ठा बिक्री बन्द भएको सात दिन भित्र बन्द भएको मिति सम्ममा बिक्री भएको र बिक्री हुन बाँकी चिठ्ठाको लगत तथा चिठ्ठा बिक्री भएको दामासाहीले पाउने पुरस्कारको परिणाम समेत उल्लेख गरी चिठ्ठा खोल्नु अगावै चिठ्ठा खोल्न चाहने व्यक्तिले स्वीकृतिका लागि मन्त्रालयमा निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त भएकोमा मन्त्रालयले सो सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा पुरस्कारमा हेरफेर गर्न आवश्यक पर्ने नदेखिएको वा आंशिक

रुपमा हेरफेर गर्न उपयुक्त देखेकोमा तत्काल त्यस्तो पुरस्कारमा हेरफेर गर्ने कार्य रोक्न वा संशोधन गर्न सम्बन्धित व्यक्तिलाई आदेश दिन सक्नेछ । यसरी प्राप्त आदेशको पालना गर्नु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ।

८. <u>चिठ्ठा कल्याण कोष:</u> (१) चिठ्ठा विक्री तथा खेलाएबापत प्राप्त रकम कल्याणकारी कार्यमा खर्च गर्ने प्रयोजनका लागि एक चिठ्ठा कल्याण कोष हुनेछ।

(२) उपदफा (१) बमोजमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्ः-

(क) चिठ्ठा विक्रीबाट प्राप्त आम्दानीमध्ये दफा ६ को उपदफा (३) बमोजिम जम्मा गर्नुपर्ने रकम,

(ख) स्वदेशी वा विदेश संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम विदेशी व्यक्ति संघ संस्थाबाट रकम प्राप्त गर्नु अघि प्रचलित कानून बमोजिम स्वीकृति लिनु पर्नेछ।

(४) कोषमा जम्मा हुने रकम प्रदेश लेखा नियन्त्रक कार्यालयबाट सञ्चालन हुने विविध खातामा जम्मा गरी सञ्चालन हुनेछ ।

(५) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले बनाएको कार्यविधि बमोजिम हुनेछ ।

९. <u>मिति वा स्थान परिवर्तन गर्न पूर्व स्वीकृति लिनु पर्ने:</u> (१) चिठ्ठाको प्रतिमा तोकिएको मिति वा स्थान परिवर्तन गर्नु परेमा त्यस्तो चिठ्ठा खोल्ने व्यक्तिले सो परिवर्तन गर्नु परेको कारण उल्लेख गरी मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा मन्त्रालयले आवश्यक जाँचबुझ गरी त्यस्तो चिठ्ठाको मिति वा स्थान परिवर्तन गर्नको लागि सहमति प्रदान गर्न सक्नेछ ।

१०. <u>अधिकृत खटाउने</u>: चिठ्ठा खोल्ने व्यवस्था मिलाउन साथै चिठ्ठा खोल्दाका बखत पारदर्शीता कायम गर्न मन्त्रालयले चिठ्ठा खोल्ने समयमा एकजना अधिकृतस्तरको कर्मचारी खटाउन सक्नेछ ।

११. <u>चिठ्ठाको नतीजा प्रकाशित गर्ने</u>: चिठ्ठा खोलिएपछि पुरस्कार पाउने व्यक्तिको चिठ्ठा नम्बर र नाम उपलब्ध भएमा नाम समेत यथाशीघ्र पत्रपत्रिकामा प्रकाशित गर्नु पर्नेछ ।

१२. <u>आवश्यक जाँचबुझ गर्ने अधिकार:</u> (१) कसैले यो ऐनको बर्खिलाप काम कारबाही गरेको वा गराएको छ भन्ने मनासिब माफिकको कारण देखेमा वा पत्ता लागेमा वा सो सम्बन्धमा उजुरी परेमा प्रदेश प्रहरीले सो सम्बन्धमा आवश्यक अनुसन्धान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुसन्धान गर्ने क्रममा कुनै व्यक्तिलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको खानतलासी गर्नु परेमा प्रदेश प्रहरीको कम्तीमा अधिकृत स्तरको



मन्त्री

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मन्त्री

कर्मचारीले निजलाई गिरफ्तार गर्न वा त्यस्तो व्यक्तिको घर जग्गामा प्रवेश गरी खानतलासी लिन र त्यस्तो कार्यमा प्रयोग भएको वस्तु वा रकम कब्जा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्तिलाई गिरफ्तार गरेको वा त्यस्तो व्यक्तिको खानतलासी लिएको वा कुनै वस्तु वा रकम कब्जा गरेकोमा सम्बन्धित प्रहरी कर्मचारीले सोको जानकारी यथासिघ्र मन्त्रालयमा दिनु पर्नेछ ।

१३. जरिबाना गर्न सक्नेः (१) चिठ्ठा सम्बन्धी प्रचलित सङ्घीय ऐन बमोजिम कसूर हुने विषय बाहेक कसैले यो ऐनमा उल्लिखित अन्य विषयको विपरीत हुने कुनै कार्य गरेमा मन्त्रालयले त्यस्तो व्यक्तिलाई दश हजार रुपैयाँदेखि एकाउन्न हजार रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको जरिबाना उपर चित्त नबुझ्ने पक्षले सो निर्णय भएको थाहा पाएको मितिले पैंतीस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

१४. प्रतिवेदन पेश गर्नु पर्नेः (१) चिठ्ठा सञ्चालन गर्ने व्यक्तिले पुरस्कार वितरण गरिसके पश्चात सो सम्बन्धी सम्पूर्ण विवरण उल्लेख गरी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरेको प्रतिवेदन सम्बन्धित व्यक्तिले त्यसरी पुरस्कार वितरण गरेको मितिले पैंतीस दिन भित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

१५. अनुगमन गर्न सक्नेः मन्त्रालयले यस ऐन बमोजिम चिठ्ठा सञ्चालन तथा व्यवस्थापन भए नभएको सम्बन्धमा अनुगमन गर्न वा गराउन सक्नेछ ।

१६. अधिकार प्रत्यायोजन गर्न सक्नेः मन्त्रालयले दफा ४ बमोजिम आफूमा निहित रहेको अधिकार प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी कुनै कार्यालय वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेः यस ऐनको कार्यान्वयनका लागि प्रदेश सरकारले आवश्यकता अनुसार नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

मन्त्री

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मन्त्री

## अनुसूची-१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

(चिठ्ठा सञ्चालन अनुमतिको लागि दिइने निवेदनको ढाँचा)

........... प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय,

..........(ठेगाना).................. ।

मितिः .....................

महोदय,

म/हामी ...................... ले देहाय बमोजिमको चिठ्ठा खोल्न चाहेकोले स्वीकृतिको लागि यो निवेदन पेश गरेको छु/छौं ।

१. चिठ्ठा खोल्ने उद्देश्य .....................

२. चिठ्ठाको पूँजी ............................

३. चिठ्ठा बिक्रीबाट प्राप्त हुने कुल रकम ........................ मध्ये .............. प्रतिशतले बाँडिने पुरस्कारको विवरण .....................

४. पुरस्कार बाँडी बाँकी रहने रकम मध्ये,-

(क) चिठ्ठा सम्बन्धी खर्च ......................

(ख) सहायता वा मुनाफा ......................

निवेदकको नामः

(संस्थाको छाप) ठेगानाः

अनुमतिपत्र नम्बरः

निवेदन सात संलग्न गर्नु पर्ने कागजातहरुः

१. अनुमतिपत्रको प्रतिलिपि,

२. कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

३. चिठ्ठाको दुई प्रति नमूना ।

मन्त्री

बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपाल

मन्त्री

## अनुसूची-२

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

(चिठ्ठा सञ्चालन अनुमतिपत्रको ढाँचा)

..........प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

..........(ठेगाना).................

### चिठ्ठा सञ्चालन अनुमतिपत्र

(अनुमतिपत्र नं. ...)

तपाई ............................ लाई यस ऐन तथा प्रचलित कानूनको अधीनमा रही ............... उद्देश्यको लागि चिठ्ठा सञ्चालन गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

अनुमतिपत्र जारी गर्ने अधिकारीको,-

नामः

हस्ताक्षरः

मितिः

मन्त्री